# पुराना फर्निचर, अफिस सामान, कम्प्युटर उपकरण तथा अन्य सामानहरु लिलाम विक्री सम्वन्धी
# कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौंडा सिलवन्दी बोलपत्र आह्वान

(प्रथम पटक प्रकाशित मिति २०८२/०५/१५)

कोषको हेटौंडा कार्यालयको परिसरमा रहेका फर्निचर, अफिस सामान, कम्प्युटर उपकरणहरु तथा अन्य सामानहरु जे जस्तो अवस्थामा छ सोहि अवस्थामा सिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम विक्री गर्नुपर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीले देहायको शर्तहरुको अधीनमा रही सिलवन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ :

१. लिलाम विक्री गरिने पुराना फर्निचर, अफिस सामान, कम्प्युटर उपकरणहरु तथा अन्य सामानहरु कोषको हेटौडा भवनमा रहेका छन् । ती सामानहरु कार्यालय समय भित्र हेर्न सकिने छ ।

२. बोलपत्रदाता व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्रदाता संस्था भएमा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र र आ.व. २०८०/०८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत राखी रु. ३००/-(फिर्ता नहुने) ग्लोवल आइ.एम.ई लिमिटेड, हेटौंडास्थित कोषको खाता नं. ३०४०१०१०००१३३० मा नगदै जम्मा गरेको सक्कल भौचर सहित लिखित अनुरोध गरेमा कोषको हेटौंडा स्थित कार्यालयबाट कार्यालय समय भित्र बोलपत्र फारम प्राप्त गर्न सकिने छ ।

३. बोलपत्र दाखिला गर्ने र प्राप्त बोलपत्रहरु खोल्ने म्याद देहाय बमोजिम हुनेछ :

(क)बोलपत्र फाराम यो सूचना समृद्ध समाज राष्ट्रिय दैनिकमा प्रकाशित भएको मिति २०८२/०५/१५ ले १५ दिन २०८२/०५/२९ गते भित्र खरिद गरिसक्नु पर्नेछ ।

(ख) पत्रिकामा बोलपत्र आव्हानको सूचना प्रकाशित भएको मितिले १६ औ दिन (२०८२/०५/३०) गते दिनको १२:१५ वजे भित्र बोलपत्र फाराम कोषको हेटौंडा स्थित कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

(ग) प्राप्त बोलपत्रहरु पत्रमा सूचना प्रकाशित भएको मितिले १६ औ दिन २०८२/०५/३० गते दिनको २:०० वजे कोषको शाखा कार्यालय, हेटौंडामा कोषका अधिकृत प्रतिनिधिहरु तथा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन ।

(घ) उल्लिखित मितिमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन उल्लेखित समयमा नै उक्त कार्यहरु हुनेछन् ।

४. लिलाम विक्री गरिने पुराना फर्निचर, अफिस सामान, कम्प्युटर उपकरणहरु तथा अन्य सामानहरु जे जस्तो अवस्थामा छ सोहि अवस्थामा (बोलपत्रदाता स्वयंले नै उठाएर लानु पर्ने) न्यूनतम विक्री मूल्य (मू.अ.कर बाहेक) को विस्तृत विवरण तपसीलमा उल्लेख गरिएको छ ।

**(पुराना फर्निचर, अफिस सामान, कम्प्युटर उपकरणहरु जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बोलपत्रदाता स्वयंले नै उठाएर लानु पर्ने)**

| तालिका | बिबरण | शुरुको मौज्दात | हालको किताबी मूल्य रु. | न्युनतम मूल्य रु (मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| १. | **फर्निचर सामानहरु** | ९,१०,९३२.४२ | ३६,०९१.५८ | ५४१६०.०० |
| २. | **अफिस सामानहरु** | ४,४८,७९४.७० | ३९,५३७.३६ | ४४,६७०.०० |
| ३. | **कम्प्युटर उपकरणहरु** | २०,६९०.०० | ७३४.५० | ८००.०० |
| | **जम्मा** | १३,८०,४१७.१२ | ७६,३६३.४४ | ९९,६३०.०० |

५. आफूले खरीद गर्न चाहेको मू.अ.क. सहितको कवोल गरेको कूल मूल्यको कम्तिमा १० (दश) प्रतिशतले हुन आउने रकम ग्लोवल आइ.एम.ई लिमिटेड, हेटौंडास्थित कोषको खाता नं. ३०४०१०१०००१३३० मा नगदै जम्मा गरेको सक्कल भौचर वा कम्तीमा नब्वे दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त “क” श्रेणीको बाणिज्य बैंकबाट जारी भएको बैक जमानत सहित बोलपत्रसाथ व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा संस्था भएमा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र र आ.व. २०८०/०८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

६. बोलपत्रदाताले कवोल रकममा मू.अ.क. समेत थप गरी बोलपत्र पेश गर्नुपर्नेछ ।

७. म्याद नाघी प्राप्त भएको, रीत नपुगेको, पर्याप्त धरौटी समावेश नभएको र मू.अ.कर समावेश नभएको तथा कुनै सामान मात्रको लागि पेश भएको र मू.अ.क. बाहेकको कवोल रकम उल्लेखित न्यूनतम मूल्य भन्दा घटि भएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. बोलपत्र फाराम सिलवन्दी गरी खामको वाहिर **“पुराना फर्निचर, अफिस सामान, कम्प्युटर उपकरण तथा अन्य सामान”** उल्लेख गरी कोषलाई सम्बोधन गरी पेश गर्नुपर्नेछ ।

९. प्राप्त वोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार कोषमा सुरक्षित रहनेछ ।

१०. उक्त सामानहरुको लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा अवस्थाहरु वोलपत्र कागजातमा नै उल्लेख गरिएको छ । अन्य जानकारी आवश्यक भएमा कोषको शाखा कार्यालय हेटौडामा सम्पर्क राख्न सकिनेछ ।

११. यो सूचना कोषको Website: www.epf.org.np मा समेत हेर्न सकिनेछ ।

**कर्मचारी सञ्चय कोष**
शाखा कार्यालय, हेटौंडा
फोन नं. ०५७-५२४३७७